त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
# योजना निर्देशनालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं. ९६४ फा.नं. ०७७/७८ मितिः २०७७/०८/२३

श्री क्याम्पस प्रमुख
महाकवि देवकोटा क्याम्पस
नवलपरासी ।

विषयः **विधान स्वीकृत गरिएको बारे ।**

त्रि.वि. सम्वन्धन सम्वन्धी विनियम २०७३ को परिच्छेद १४ (३५) मा उल्लेख भए वमोजिम त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन प्रदत्त क्याम्पस/कलेजहरुले यस निर्देशनालयमा पेश गरेको विधान/विनियम सम्वन्धमा उक्त विधान/विनियम अध्ययन गरी सुझाव पेश गर्न गठित समितिको सिफारिस वमोजिम र त्रि.वि. कार्यकारी परिषद्‌को मिति २०७७/०८/१७ को निर्णय नं. ५१४ अनुसार त्यस क्याम्पस/कलेजले पेश गरेको विधान स्वीकृत गरिएको व्यहोरा अनुरोध गर्दछु । स्वीकृत विधान एक प्रति यसैसाथ संलग्न छ ।

प्रा.डा.ऋदिश कुमार पोखरेल
कार्यकारी निर्देशक

bidhan letter

फोनः ४३३०४३७, ४३३०४२१, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212

# महाकवि देवकोटा क्याम्पसको नियमावली २०७१
## प्रथम संशोधन २०७६

**प्रस्तावना** :

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको नवलपरासी जिल्लामा अवस्थित ऐतिहासिक "मायादेवी पोखरी", "रामग्राम स्तुप" र "प्राचीन कोलिया राज्य" को राजधानी "देवदह" को पावनभूमि सुनवल नगरपालिका वडा नं. ४ मा अवस्थित यस महाकवि देवकोटा क्याम्पसले विद्यार्थीलाई अन्तराष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यका साथ जनसहभागितामा सञ्चालित मुनाफा रहित सामुदायिक क्याम्पसका रुपमा त्रि.वि. बाट सम्बन्धन लिई स्थापना (वि.स.२०६०) देखि नै निरन्तर रुपमा शिक्षा प्रदान गर्दै आएको छ । यस क्याम्पसको उन्नती तथा विकासका लागि क्याम्पस सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्न यस क्याम्पसको नियमावलीलाई २०६२ समयानुकूल नभएकाले वर्तमान आवश्यकतालाई परिपुर्ति गर्न उक्त नियमावलीलाई विस्थापित गरी " महाकवि देवकोटा क्याम्पसको नियमावली २०७१" बनाई लागु गरिएको छ ।

यस क्याम्पसको विकासका लागि यस क्षेत्रका राजनैतिक दल, समाजसेवी, बुद्धिजीवी, व्यापारी, उधोगपती, शिक्षाप्रेमीहरुको अमूल्य योगदान रहिरहेको छ । विद्यार्थीको सर्वाङ्गीण विकासका लागि समय सापेक्ष अनुसन्धानमूखी वैज्ञानिक शिक्षण विधि अवलम्वन गर्ने तथा व्यवहारिक ज्ञान प्रदान गर्ने कार्यमा क्याम्पस प्रतिबद्ध रही आएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

(१.१) **सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम **"महाकवि देवकोटा क्याम्पसको नियमावली २०७१"** रहनेछ ।

(ख) यो नियमावली सञ्चालक समितिले क्याम्पस सभाद्वारा पारित गरेको मितिदेखि लागु हुनेछ ।

(१.२) **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा -

(क) **"ऐन"** भन्नाले सम्बन्धन दिने विश्वविद्यालय सम्बन्धि ऐन भन्ने सम्झनु पर्नेछ ।

(ख) **"नियम"** भन्नाले क्याम्पस नियमावली (विधान) लाई सम्झनु पर्नेछ ।

(ग) **"विनियम"** भन्नाले यस नियम अन्तर्गत निर्माण गरिने विनियहरूलाई सम्झनु पर्नेछ ।

(घ) **"क्याम्पस"** भन्नाले महाकवि देवकोटा क्याम्पस सुनवललाई सम्झनु पर्नेछ.।

(ङ) **"सभा"** भन्नाले महाकवि देवकोटा क्याम्पससभालाई सम्झनु पर्नेछ ।

(च) **"सञ्चालक समिति"** भन्नाले यो नियम बमोजिम गठित यस क्याम्पसको सञ्चालक समितिलाई सम्झनु पर्नेछ ।

(छ) **"क्याम्पस प्रमुख"** भन्नाले नियमानुसार नियुक्त यस क्याम्पसको क्याम्पस प्रमुखलाई सम्झनु पर्नेछ ।

(ज) **"शिक्षक"** भन्नाले यस क्याम्पसमा अध्यापन गर्ने प्राध्यापक, सह-प्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक समेतलाई जनाउनेछ ।

(झ) **"कर्मचारी"** भन्नाले यस क्याम्पसको शिक्षण बाहेकका अन्य कार्यहरुका लागि नियुक्त जनुसुकै पदका लागि स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई जनाउनेछ ।

(ञ) **"विद्यार्थी"** भन्नाले यस क्याम्पसमा नियमित अध्ययनरत छात्र-छात्राहरूलाई जनाउनेछ ।

(ट) **"अभिभावक"** भन्नाले यस क्याम्पसमा अध्यापनरत विद्यार्थीहरुका सहोदर बाबुआमा, हजुरबुवा - हजुरआमा । कानुनबमोजिमको संरक्षकलाई सम्झनु पर्नेछ ।

(ठ) **"सल्लाहकार"** भन्नाले क्याम्पसमा सञ्चालक समितिले आवश्यकता ठानी गठन गरेको सल्लाहकार समितिलाई सम्झनु पर्नेछ ।

(ड) **"भूतपूर्व विद्यार्थी"** भन्नाले यस क्याम्पसबाट उत्तीर्ण गरेका तथा यस क्याम्पसमा अध्ययन गरी बीचैमा पढाई छाडेका व्यक्तिहरु सम्झनु पर्नेछ ।

(ढ) यस क्याम्पसको क्याम्पस सभा सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछन ।

(१.३) **क्याम्पसको नाम अवस्थिति**

(क) यस क्याम्पसको नाम **महाकवि देवकोटा क्याम्पस** रहेको छ ।

(ख) यस क्याम्पस **सुनवल नगरपालिकाको वडा नं. ४ रमवापुरमा** अवस्थित छ ।

(१.४) **लक्ष्यहरु**

(क) यस क्याम्पसलाई उत्कृष्ट प्राज्ञिक स्थलका रुपमा विकास गर्ने ।

(ख) सर्वसुलभ ढंङ्गले सबै वर्गका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

(ग) अनुशासित, मर्यादित, तालिम प्राप्त, अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने ।

(घ) अनुसन्धान तथा खोजमूलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।

(ङ) समय अनुकूल शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद २
## क्याम्पस सभा

२.१ **क्याम्पस सभा**

(क) व्यापक जनसहभागिता जुटाउन, सामुदायिकीकरणको मर्म अनुसार सञ्चालन गर्न, लोकतान्त्रिक मूल्य मान्यता अनुरुप अगाडि बढ्न क्याम्पसलाई सक्षम बनाइ सुव्यवस्थित तरिकाले सञ्चालन, सम्बर्धन, संरक्षण र विकासका साथै आवश्यक नियन्त्रण, निर्देशन गर्नका लागि नीति नियमहरुको तर्जुमा गर्न क्याम्पसको सर्वोच्च अंगको रूपमा क्याम्पस सभा रहनेछ ।

(ख) क्याम्पस सभाको गठन :
यस क्याम्पसको क्याम्पससभा निम्नानुसारले गठन हुनेछ :

१) वर्तमान क्याम्पस सञ्चालक समिति र सल्लाहकार समितिका सदस्यहरु

२) यस क्याम्पसका संरक्षक र आजीवन सदस्यहरु

३) स्थापना काल देखिका सञ्चालक समितिका सदस्यहरु

४) यस क्षेत्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा ख्याती कमाएका व्यक्तिहरु

५) यस क्याम्पसमा अध्ययनगरी राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा ख्याती कमाएका व्यक्तिहरु ।

६) यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक मध्येबाट समावेशी हुनेगरी सञ्चालक समितिले मनोनयन गरेका २ जना

७) क्याम्पसको भौतिक निर्माणमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट सञ्चालक समितिले मनोनयन गरेका २ जना

८) क्याम्पसको शैक्षिक एवं प्राज्ञिक उन्नयनमा उल्लेख्य योगदान गर्नुहुने विद्वान वर्गबाट क्याम्पस समितिले मनोनयन गरेका २ जना

९) भूतपूर्व विद्यार्थी संघको प्रतिनिधि १ जना

१०) अध्ययनरत विद्यार्थीहरुको प्रतिनिधि १ जना (सोही वर्षको प्रथम वर्षको परीक्षामा क्याम्पस सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थी )

(११) प्रथम वर्षको परीक्षामा यस क्याम्पसमा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीको अभिभावक १ जना

(१२) सुनवल नगरपालिका भित्रका सामुदायिक निजी उच्च मा.वि. हरु मध्येबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यालयका अध्यक्ष वा प्रतिनिधि १/१ जना

(१३) यस क्याम्पस क्षेत्रभित्रका कम्तिमा पनि स्नातकोत्तर उत्तीर्ण गरेका विद्वान महिला २ जना

(१४) स्थापनादेखिका सल्लाहकार संयोजकहरु

(१५) स्थापना कालका सल्लाहकार सदस्यहरु

(१६) सुनवल नगरपालिका भित्र रहेका सहकारी संस्थाहरु मध्येबाट १ प्रतिनिधि

(१७) क्याम्पस सभा गठन गर्दा समावेसीको सिद्धान्तलाई अपनाईने छ

(ग) क्याम्पस सभा गर्न क्याम्पस सञ्चालक समितिले १५ दिन पूर्व सदस्यहरुलाई जानकारी दिनुपर्नेछ ।

## २.२ क्याम्पस सभाको काम, कर्तव्य र अधिकार

(१) क्याम्पस संचालक समितिको अध्यक्षका लागि सर्वसहमति वा प्रजातान्त्रिक विधिबाट १ जना अध्यक्ष छनौट गर्ने ।

(२) क्याम्पसको शैक्षिक, आर्थिक, भौतिक आदि पक्षको विकासमा मार्गदर्शनको भूमिका खेल्ने ।

(३) क्याम्पसको विकासकालागि दीर्घकालीन योजना तर्जुमा तथा अनुमोदन गर्ने ।

(४) सञ्चालक समितिलाई आवश्यक परामर्श दिने ।

(५) सञ्चालक समितिद्वारा पेश भएको विनियम परिमार्जन तथा अनुमोदन गर्ने ।

(६) आवश्यकता अनुसार आफूमा निहित अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

## २.३ क्याम्पस सभाको बैठक

यस सभाको बैठक हरेक ३ वर्षमा क्याम्पस सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्नेछ । तर एक तिहाई क्याम्पस सभासद्हरूले लिखित रुपमा सभाको माग गरी क्याम्पस सञ्चालक समितिका अध्यक्ष समक्ष अनुरोध गरेमा एक महिनाभित्र अध्यक्षले विशेष क्याम्पससभाको बैठक बोलाउनुपर्ने छ । क्याम्पसमा ७० जनाभन्दा कमको साधारणसभा भएमा हरेक वर्ष क्याम्पस सभा परिषद्को रुपमा बैठक बस्नेछ ।

## २.४ क्याम्पससभाको बैठक गणपूरक सङ्ख्या

क्याम्पससभाको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । उक्त बैठक बस्नका लागि प्रथम पटक ५१ प्रतिशत सदस्यहरू उपस्थित नभएमा दोस्रो पटक कम्तिमा एक तिहाई सभासद्हरू उपस्थित हुनुपर्नेछ । दोस्रो पटक पनि गणपुरक सङ्ख्या नपुगेमा तेस्रो पटक उपस्थित संख्याबाट सभा सञ्चालन हुन बाधा पुग्नेछैन् । बैठकको निर्णय बहुमतबाट हुनेछ ।

## २.५ क्याम्पसका संरक्षक

(क) यस क्याम्पसका सञ्चालक समितिका भूतपूर्व अध्यक्षहरु ।

(ख) क्याम्पस व्यवस्थापनको समयमा सबैभन्दा धेरै नगद तथा जिन्सी सहयोग गर्ने व्यक्ति वा संस्था ।

(ग) यस क्याम्पसमा रु ५,०१,०००/- (पाँच लाख एक हजार) भन्दा बढी नगद वा क्याम्पसलाई अति आवश्यक जिन्सी सहयोग गर्ने व्यक्ति वा संस्था

२.६ क्याम्पसका आजीवन सदस्यहरु

यस क्याम्पसको आजीवन सदस्य बन्नका लागि योग्य व्यक्तिहरुले कम्तिमा रु ५१,०००/- (एकाउन्न हजार रुपैयाँ) यस क्याम्पसलाई आर्थिक सहयोग दिई सदस्यता लिएको हुनुपर्ने छ ।

## परिच्छेद ३
## सञ्चालक समिति

३. सञ्चालक समिति

यस क्याम्पस सञ्चालनको नेतृत्वदायी निकायको रुपमा एक सञ्चालक समिति रहने छ । उक्त समितिमा न्यूनतम १३ र अधिकतम १९ जनासम्म पदाधिकारी सदस्यहरु रहने छन् ।

३.१ सञ्चालक समिति गठन

१. सञ्चालक समिति

(क) क्याम्पससभाले छनौट गरेको व्यक्ति – अध्यक्ष
(ख) यस संसदिय निर्वाचन क्षेत्रका निर्वाचित माननीय सदस्य पदेन सदस्य - १ जना
(ग) निवर्तमान अध्यक्ष १ जना , पदेन सदस्य
(घ) यस क्याम्पसलाई सम्बन्धन दिने विश्वविद्यालयको प्रतिनिधि सदस्य १ जना, पदेन सदस्य
(ङ) म.क.दे. उ.मा.वि.अध्यक्ष वा प्रतिनिधि १ जना, पदेन सदस्य
(च) म.क.दे.क्या.प्रा.संघ ईकाइ समितिको अध्यक्ष १ जना, पदेन सदस्य
(छ) सुनवल नगरपालिकाको प्रमुख वा प्रतिनिधि १ जना, पदेन सदस्य
(ज) जिल्ला वा नगर उधोग वाणिज्य संघ अध्यक्ष वा प्रतिनिधि १ जना, पदेन सदस्य
(झ) शिक्षाप्रेमी, समाजसेवी, चन्दादाता, संस्थापक, अभिभावकहरु मध्येबाट सञ्चालक समितिले मनोनित गर्ने सदस्य २ जना महिला सहित ७ जना मनोनित सदस्य
(ञ) सञ्चालक समितिका अध्यक्षले मनोनयन गर्ने १ जना, पदेन सदस्य
(ट) क्याम्पस सभा बस्नु छ महिना पूर्वसम्म यस क्याम्पसलाई आर्थिक सहयोग गर्नुहुने सहयोगदाता मध्येबाट अधिकतम सहयोग गर्ने व्यक्ति वा संस्था १ जना, पदेन सदस्य
(ठ) स्व.वि.यु.अध्यक्ष वा प्रतिनिधि – १ जना (आमन्त्रित सदस्य)
(ड) क्याम्पस प्रमुख - सदस्य सचिव, पदेन सदस्य

२. सल्लाहकार समिति

सञ्चालक समितिले आवश्यकता अनुसार समावेशी हुनेगरी एक संयोजक सहित बढीमा १७ सदस्यीय सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

३.२ सञ्चालक समितिको पदावधि

सञ्चालक समितिको पदावधि ३ वर्षको हुनेछ ।

३.३ सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

(क) सम्बन्धन दिने विश्वविद्यालयको निर्देशन पालना गर्ने ।
(ख) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र सेवा आयोग/पदपुर्ति समिति मार्फत् सिफारिस भइ आएका प्राध्यापक-कर्मचारीहरूको स्तर निर्धारण गर्ने तथा स्थायी/करार नियुक्ति दिने । निजहरुको सेवा, सर्त, पारिश्रमिक तथा अन्य सुबिधा तोक्ने ।

(ग) क्याम्पसको व्यवस्थापन र सञ्चालनको सम्पूर्ण कर्तव्य र अधिकार बहन गर्ने ।
(घ) क्याम्पसको नियमित निरीक्षण गर्नुका साथै स्तरीय शैक्षिक वातावरण तयार गर्ने ।
(ङ) क्याम्पससभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
(च) क्याम्पससभामा प्रस्तुत गरिने कार्यक्रम, आय-व्ययको विवरण, प्रगति विवरण, लेखापरीक्षण र अन्य प्रस्तावहरू क्याम्पससभामा प्रस्तुत गर्ने ।
(छ) क्याम्पसको सम्पूर्ण कोष, चल अचल सम्पत्तिको व्यवस्था तथा संरक्षण गर्ने ।
(ज) प्राध्यापकहरू तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने र नसियत दिने ।
(झ) यस नियमको सिमा भित्र रही क्याम्पस सञ्चालनका निम्ति आवश्यक नीति निर्धारण गर्ने, विनियम बनाउने र कार्यान्वयन गर्ने गराउने ।
(ञ) आफूमा निहित अधिकारहरूमध्ये नियमित रुपमा क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक अधिकार उपसमिति, पदपुर्ति समिति, सेवा आयोग र क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्ने ।
(ट) हरेक वर्षको आर्थिक प्रतिवेदन क्याम्पस प्रमुखबाट पेश गर्न लगाई पारदर्शिता कायम गर्ने ।
(ठ) वार्षिक १ पटक क्याम्पसको लेखापरिक्षण गराउने ।

३.४ **सञ्चालक समितिको बैठक र कार्यविधि**

(क) क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।
(ख) सदस्य सचिवले अध्यक्षको परामर्श लिइ सामान्यत: ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनेछन् तर विशेष परिस्थितिमा सो अवधि कम हुन सक्नेछ ।
(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।
(घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रुपमा निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको हस्ताक्षर गराई राख्नु पर्नेछ ।
(ङ) कुल सदस्यको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारण बहुमतद्वारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।
(च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा सञ्चालक समितिका सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्यहरूले लिखित रुपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

३.५ **अध्यक्षको नियुक्ति प्रावधान, योग्यता,काम, कर्तव्य**

(क) अध्यक्षको उम्मेद्वार हुन न्यूनतम एक कार्यकाल संचालक समितिमा रहि सेवा गरेको हुनपर्ने छ ।
(ख) सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।
(ग) सञ्चालक समितिको बैठक बोलाउन सदस्य सचिवलाई आदेश दिने ।
(घ) क्याम्पस सञ्चालक समिति र सभाद्वारा गरिएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।
(ङ) क्याम्पस प्रमुखको लगातार ३ दिनभन्दा बढीको काज एवं विदा स्वीकृत गर्ने ।
(च) यस नियमावलीभित्र रही क्याम्पसको हितका लागि अन्य कार्य गर्ने ।
(छ) क्याम्पस व्यवस्थापन र सञ्चालनकालागि क्याम्पस प्रमुखलाई आवश्यक निर्देशन दिने ।
(ज) अध्यक्षको शैक्षिक योग्यता न्यूनतम माध्यमिक तह पास गरेको हुनु पर्ने छ ।

३.६ **सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्ष र सञ्चालक समितिको आदेश र निर्णय सूची तयार गर्ने ।
(ख) वार्षिक कार्यक्रम र अर्धवार्षिक प्रगति तयार पारी सञ्चालक समितिमा पेश गर्ने ।
(ग) बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरूको कार्यन्वयन गर्ने ।

३.७ **सदस्यहरूको काम, कर्तव्य र अधिकार**

(क) क्याम्पसको हितको निमित्त रचनात्मक धारणा राखी तदनुसार सुझावहरू दिने ।
(ख) क्याम्पससभा र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यन्वयन गर्ने गराउने ।
(ग) सञ्चालक समितिको बैठकका विषयहरूमा सक्रिय एवं रचनात्मकतवरले सहभागीहुने ।
(घ) अध्यक्ष र सञ्चालक समितिले तोकेको अन्य कार्य गर्ने ।

३.८ **पद रिक्तता**

सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछ :
(क) आफ्नो पदबाट लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।
(ख) क्याम्पसको हित विपरीत कार्य गरेको प्रमाणित भएमा ।
(ग) समितिको बैठकमा लगातार ३ पटकसम्म विना सूचना अनुपस्थित रहेमा ।
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।
(ङ) पदावधि पूरा भएमा ।
(च) सदस्य/पदाधिकारीको मृत्यु भएमा ।
(छ) अविश्वासको प्रस्ताव दर्ता भई दुई तिहाई क्याम्पससभाका सदस्यले पारित गरेमा ।
(अविश्वासको प्रस्ताव दर्ता गर्न एक तिहाई क्याम्पससभाका सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ)
(ज) पदेन सदस्य सम्बन्धित निकायमा कार्यरत नभएमा ।
(झ) मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा ।
(ञ) क्याम्पस सञ्चालक समितिका अध्यक्षले राजीनामा दिएमा ।

## परिच्छेद ४
## क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुख

४.१ **क्याम्पस प्रमुख**

(क) स्थायी, शैक्षिक नेतृत्व बहन गर्न सक्ने प्राध्यापकलाई क्याम्पस सञ्चालक समितिले क्याम्पस प्रमुखमा नियुक्ति गर्न सक्नेछ ।
(ख) क्याम्पस प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ । निजको पदावधि ४ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ ।
(ग) क्याम्पस प्रमुख पुरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

४.२ **क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार**

(क) क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनको जिम्मेवारी लिई सञ्चालन गर्ने ।
(ख) सेवा, सर्त र आचारसहिंता विपरीत हुने गरी काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारवाहीको प्रक्रिया अगाडि बढाउने ।

(ग) शिक्षक तथा कर्मचारीको विदा स्वीकृति गर्ने, कार्य विभाजन गर्ने, सेवाको अभिलेख राख्नु तथा कार्य सम्पादनको मूल्यांकन गर्ने ।

(घ) क्याम्पस सञ्चालक समितिमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्ने र राय सुझाव पेश गर्ने ।

(ङ) क्याम्पसको वार्षिक बजेट तयार गरी आर्थिक समिति मार्फत क्याम्पस सञ्चालक समिति समक्ष पेश गर्ने ।

(च) हरेक वर्ष क्याम्पसको आर्थिक विवरण क्याम्पस सञ्चालक समितिमा पेश गर्ने ।

(छ) क्याम्पससभा र सञ्चालक समितिको निर्णय कार्यन्वयन गर्ने, गराउने ।

(ज) विद्यार्थी भर्नाका लागि नीतिनियम बनाई लागु गर्ने ।

(झ) अनुशासनहीन विद्यार्थीलाई आवश्यक कारवाही गर्ने ।

(ञ) परिक्षाका रेकर्ड अभिलेख व्यवस्थित रुपमा राख्न लगाउने ।

(ट) लेखा दुरुस्त राख्न लगाउने ।

(ठ) क्याम्पसको सम्पत्तिको सुरक्षा र सदुपयोग गर्ने ।

(ड) शिक्षक तथा कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

(ढ) शिक्षक तथा कर्मचारीलाई बिदा दिने र बिदाको रेकर्ड राख्न लगाउने ।

(ण) राम्रो कार्य गर्ने शिक्षक तथा कर्मचारीहरुलाई ग्रेड थप वा पुरस्कार प्रदान गर्न कारण सहित सञ्चालक समिति समक्ष सिफारिस गर्ने ।

(त) क्याम्पसमा असाधारण परिस्थिति आईपरेको खण्डमा बढीमा ७ दिन सम्म क्याम्पस बन्द गर्न सक्नेछन । साथै उक्त अवधि बढाउनुपरेमा सञ्चालक समितिको बैठकमा पेश गरी सञ्चालक समितिको निर्णय बमोजिम गरिने छ ।

(थ) क्याम्पसको तत्कालको आवश्यकता पुरा गर्न अध्यक्षको राय लिई ज्यालादारीमा बढीमा ३ महिनाका लागि शिक्षक तथा कर्मचारी नियुक्त गर्ने ।

(द) यस नियम र यस अन्तर्गत बन्ने विनियमको पालना गर्नु गराउनु क्याम्पस प्रमुखको कर्तव्य हुनेछ र क्याम्पसमा नगरी नहुने आकस्मिक अवस्था आइ परेमा अध्यक्षसंग समन्वय गरी आवश्यक देखेको उचित कामकारवाही गर्ने र सञ्चालक समितिबाट अनुमोदन गराउने ।

(ध) आफू उपस्थित हुन नसकेको अवस्थामा सहायक क्याम्पस प्रमुखलाई र सो नभएमा अन्य शिक्षकलाई निमित्त भई काम गर्न तोक्ने ।

४.३ **<u>सहायक क्याम्पस प्रमुख</u>**

स्थायी वा करार शैक्षिक नेतृत्व वहन गर्न सक्ने प्राध्यापकलाई क्याम्पस सञ्चालक समितिले सहायक क्याम्पस प्रमुख नियुक्त गर्न सक्नेछ ।

४.४ **<u>सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार</u>**

(क) सहायक क्याम्पस प्रमुखको पदावधि सामान्यत २ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुन: थप गर्न सक्नेछ ।

(ख) क्याम्पस प्रमुखको कार्य सम्पादनमा सहयोग गर्ने ।

(ग) क्याम्पस प्रमुखले तोकेको अन्य कार्य गर्ने ।

(घ) यस नियमावलीमा उल्लेखित र समितिले तोकेको अन्य कार्य गर्ने ।

(ङ) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा क्याम्पस प्रमुखले तोके बमोजिम निमित्त भई काम गर्ने ।

४.५ <u>कार्यक्रम संयोजक</u>

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

४.६ <u>शिक्षण विभाग तथा विभागीय प्रमुख</u>

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## आचारसंहिता

५.१ <u>सञ्चालक समितिको आचारसंहिता</u>

(क) क्याम्पसको विकास र हितलाई सर्वोपरी प्राथमिकता दिनुपर्ने ।

(ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न नहुने ।

(ग) क्याम्पसको हित विपरित कार्य गर्न र गोपनियता भंग गर्न / गराउन नहुने ।

(घ) क्याम्पसको नियमावली र नियमहरूको पालना गर्नुपर्ने ।

५.२ <u>शिक्षक र कर्मचारी आचारण सम्बन्धी व्यवस्था</u>

(क) क्याम्पसको बिकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरी प्राथमिकता दिनुपर्नेछ ।

(ख) क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नु पर्नेछ ।

(ग) क्याम्पसमा भएका काम कारवाही, पत्र आदिको बारेमा गोपनियता राख्नु पर्नेछ ।

(घ) क्याम्पसभित्र आफ्नो आचारण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ ।

(ङ) आफूलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहन गर्नु सम्पूर्ण शिक्षक तथा कर्मचारीको नैतिक जिम्मेवारी हुनेछ ।

(च) यस क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीहरुको हकमा शिक्षक कर्मचारी विनियम अनुसार हुनेछ ।

५.३ <u>विद्यार्थी आचारसंहिता</u>

(क) यस क्याम्पसका विद्यार्थीको आचारसंहिता शैक्षिक प्रशासन विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(ख) आचारसंहिता पालना गराउने काम क्याम्पस प्रशासनको हुनेछ ।

## परिच्छेद ६
## प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन

६.१ <u>प्राध्यापक संघ</u>

क्याम्पसमा कार्यरत प्राध्यापकहरूको पेशागत हक र हितको निमित्त एक क्याम्पस प्राध्यापक संघ गठन गर्न सकिनेछ ।

६.२ <u>कर्मचारी संघ</u>

क्याम्पसमा कार्यरत कर्मचारीहरूको पेशागत हक र हितको निमित्त एक क्याम्पस कर्मचारी संघ गठन गर्न सकिनेछ ।

६.३ <u>स्वतन्त्र विद्यार्थी युनियन (विद्यार्थी परिषद्)</u>

क्याम्पसमा नियमितरुपमा अध्ययनरत विद्यार्थीहरूको एक स्वतन्त्र विद्यार्थी युनियनको रुपमा काम गर्न एक विद्यार्थी परिषद् गठन गर्न सकिनेछ ।

परिच्छेद ७

७. खारेजी र बचाउ

यस क्याम्पसको नियमावली २०६२ खारेज गरिएको छ र उक्त नियमावली अनुसार भएगरेका कार्यहरु यसै नियमावली अनुसार भए गरेको मानिने छ ।

परिच्छेद ८
विविध

८. विविध

(क) यस नियम अन्तर्गत रही क्याम्पसको आवश्यकता अनुसार विनियम बनाउन सकिनेछ ।

(ख) यस नियमावलीको व्याख्या गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिलाई हुनेछ ।

(ग) यस नियमावलीमा उल्लेख नभएका विषयमा कुनै बाधा अड्काउ आइपरेमा क्याम्पस सञ्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(घ) यस नियमावलीमा उल्लेख भएका विषयबस्तु नेपाल सरकार तथा सम्बन्ध दिने विश्वविद्यालयको नियमसंग बाझिन गएमा सरकारी नियम र विश्वविद्यालयको नियम मान्य हुनेछ ।

(ङ) क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चलअचल सम्पति नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने (सार्वजनिक) विश्वविद्यालयको स्वामित्वमा स्वत जानेछ ।

(च) सुनवल नगरपालिका वडा नं. ४ रमवापुरको पूर्व शहीद मार्ग पश्चिम पुष्प पथ उत्तर प्रस्तावित बाटो दक्षिण रेडक्रस भवन र पूर्व पश्चिम लोकमार्गको बिचमा अन्दाजी ६ बिगाहा क्षेत्रफल र सो मा बनेको भवन, टहरा, फर्निचर, चलअचल सम्पत्ति एंवम पछि कुनै संस्था वा व्यक्ति विशेषले क्याम्पसका लागि भनी दिएको दान, दातव्य, चन्दा, उपहार र सहयोग आदि समेत क्याम्पसको सम्पत्ति हुनेछ ।

*स्पष्टीकरण*

*उप नियम ३.१ झ बमोजिम ७ जना मनोनित संचालक सदस्यको मनोनयन अध्यक्षको नेतृत्वमा पदेन तथा आमन्त्रित सदस्य रहेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम हुने छ ।*

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय, कीर्तिपुर